प.सं. प्रशासन /०६९/०७० मिति :– २०६९।१२।८
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल फाल्गुन महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

## तपसिल

**मिति २०६९।११।८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १(एक)**

यस कार्यालयमा देहायका संघ संस्था तथा क्लवहरुले विभिन्न मितिमा कार्यक्रम सञ्चालन गर्नको लागी कार्यक्रम सम्पन्न गरी खर्च भएको विल भर्पाइ पेश भएपछि निम्नानुसारको अनुदान सहयोग दिने निर्णय गरियो ।

(क) सिद्धार्थनगर उद्योग वाणिज्य संघ रुपन्देहीले लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक व्यापार मेला २०६९ मिति २०६९।८।२१ देखि २०६९।९।१ सम्म सञ्चालन गर्ने भएको र यस कार्यालयलाई सह–आयोजकको समेत भुमिका निर्वाहा गरी सहयोगको लागी अनुरोध भै आएको हुदा सो मेला सञ्चालन गर्नको लागी रु २,००,०००।– (दुई लाख मात्र) अनुदान दिने निर्णय गरियो ।

(ख) सिद्धार्थनगर नगरपालिका कार्यालयमा कार्यरत खरिदार शिव नारायण गुप्ताको दुर्घटनामा परी खुट्टा भाँचिन गई मेडिकल कलेजमा उपचार गराई रहेको र थप उपचार गर्न आर्थिक अभाव भएको हुँदा

उपचार गर्नको लागी आर्थिक सहयोग माग गरेको हुँदा निजलाई रु १५,०००।– (पन्ध्र हजार) अनुदान सहयोग दिने निर्णय गरियो ।

(ग) नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति रुपन्देहीले जिल्ला अधिवेशन गर्नको लागी आर्थिक सहयोग उपलब्ध गराईदिनु हुन भनी अनुरोध भई आएको हुँदा सो कार्यक्रम गर्न रु ५,०००।– ( पाँच हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

(घ) नेपाल निजामती कर्मचारी यूनियन पश्चिमाञ्चल क्षेत्रिय समन्वय समिति रुपन्देहीले पश्चिमाञ्चल क्षेत्रीय भेला गर्नको लागी अर्थिक सहयोगको लागी अनुरोध भई आएको हुदा सो कार्यक्रम गर्न रु ५,०००।– (पाँच हजार) अर्थिक सहयोग दिने निर्णय गरियो ।

(ङ) रुपन्देही जिल्ला अदालत बार एशोसिएशन सिद्धार्थनगर रुपन्देहीले कार्यालय सञ्चालन गर्नको लागी १ एक थान कम्प्युटर उपलब्ध गराईदिनु हुन भनी अनुरोध भई आएकोले सो समाग्री खरीद गर्नको लागी रु २५,०००।– (पच्चिस हजार) अनुदान दिने निर्णय गरियो ।

(च) लुम्बिनी खुल्ला तेक्वान्दो प्रतियोगिता २०६९ आयोजना गर्नको लागी कार्यक्रम संयोजक राकेश यादवले आर्थिक सहयोग माग भई आएको हुदा सो कार्यक्रम गर्न रु १०,०००।– (दश हजार) अनुदान दिने निर्णय गरियो ।

(छ) वैदिक सनातन धर्म सेवा समिति, शिव मन्दिर निर्माण समिति, नारायणस्थान सिद्धार्थनगरले शिव मन्दिर निर्माणका लागी आर्थिक सहयोग माग मई आएकोमा सो मन्दिर निर्माण गर्नको लागी रु ४०,०००।– (चालिस हजार) बरावरको  निर्माण बस्तुगत सहयोग दिई सकेको हुदा अनुमोदन गर्ने निर्णय गरियो ।

(ज) मानव अधिकारको लागी महिला, एकल महिला समुह रुपन्देहीले अक्षयकोष स्थापना गर्नको लागी अनुरोध भई आएको हुदा सोका लागी रु १०,०००।– (दश हजार) सहयोग दिने निर्णय गरियो ।



**”एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा“ - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २ (दुई)**

नेपाल सरकारलाई एशियाली विकास बैंक (ADB) बाट प्राप्त अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालन भएको Integrated Urban Development Project (IUDP) Loan No. 2851 / Grant No. 0284-NEP: Project No. 42161 (SF) कार्यक्रम अन्तर्गत एकीकृत शहरी विकास परियोजनाको लागि Community Development Program for NGO को लागि मिति २०६९।४।२६ (१० अगस्त २०१२) मा नागरिक दैनिकमा RFP को सूचना जारी भए अनुसार Shortlisted भएका सबै NGO हरुलाई RFP (Request for Proposal) वितरण गरिएको थियो । Shortlisting भएका NGO हरु मध्ये Nepal Red Cross Society बाहेकका Social Development Path (SODEP) Nepal, Ramanand Chowk, Ward No. 9, Janakpurdham, Dhanusha, Nepal, Integrated Rural Development Center Nepal (IRDC Nepal), New Baneshowar, Kathmandu, Friends for Peacebuilding and Development (Fri PAD), Bharatpur-10, Chitwan, Social Development and Research Center (SDRC-Nepal), Gaindakot-2, Nawalparasi र Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu ले मात्र Technical र Financial Proposal पेश गरेका थिए । यस न.पा. द्वारा निर्धारण गरिएको मूल्यांकन मापदण्ड (Evaluation Criteria) अनुसार Technical Proposal मूल्यांकन गरी NGO हरुले प्राप्त गरेको अंक निर्धारण गरिएको थियो उक्त मूल्यांकनलाई मूल्यांकन समितिको बैठकद्वारा निर्णय गरी सो निर्णयलाई न.पा. बैठकद्वारा अनुमोदन गरी Submission 2 को Report लाई आवश्यक निर्णयको लागि PCO र ADB मा पठाईएको थियो । यस न.पा.द्वारा गरिएको Technical Proposal को मूल्यांकन नतिजालाई ADB द्वारा 22 January 2013 को पत्रद्वारा "no objection to the results of evaluation of Technical Proposals" भन्ने अनुमति प्राप्त भए पछि Financial Proposal खोल्ने मिति 12 February 2013 निर्धारण गरिएको थियो । Social Development and Research Center (SDRC-Nepal), Gaindakot-2, Nawalparasi को प्राविधिक प्रस्तावको अंक ७११.९० (७५० भन्दा कम) हुन गएकोले सो प्रस्ताव प्रतिस्पर्धाबाट हटाउन ADB को समेत No Objection प्राप्त हुन आएकोले बाँकी रहेका ४ (चार) वटा NGO हरुको RFP मा उल्लेख भए अनुसार नै Financial Proposal खोली ति प्रस्तावहरुको मूल्यांकन गरिएको थियो । NGO हरुले Technical र Financial मा प्राप्त गरेको अंकको आधारमा निम्न अनुसारको योग्यताक्रम आएको र त्यस मध्ये सर्वोत्कृष्ट अंक प्राप्त गर्ने Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu लाई NGO को रुपमा छनौट गर्न मूल्यांकन समितिबाट सिफारिस भै आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ०० ९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**SUMMARY PROPOSAL RANKING SHEET**

[Loan No.- 2851/Grant No. 0284-NEP: Project No. 42161/Nepal/IUDP - Country: Nepal, Title: CDP for NGO for IUDP, PIU Siddharthanagar Municipality]

| FIRM NAME | TECHNICAL EVALUATION | | | | | FINANCIAL EVALUATION | | | COMBINED | RANKING |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Technical Score Points | Technical Wt. Factor | Technical Points | Firm Proposed Price (NRs) | Evaluated Total Price (NRs) | Financial Score Points [1] | Price Wt. Factor | Price Points | Total Evaluation Points | |
| | 1 | 2 | 3 = 1 x 2 | 4 | 5 | 6 | 7 | 8 = 6 x 7 | 9 = 3 + 8 | |
| Social Development Path (SODEP), Nepal, Ramanand Chowk, Janakpur | 854.60 | 0.80 | 683.68 | 42,128,457.00 | 22,096,000.00 | 881.56 | 0.20 | 176.31 | 859.99 | 4 |
| Integrated Rural Development Center Nepal (IRDC Nepal), Naya Baneshowar, Kahmandu | 845.60 | 0.80 | 676.48 | 39,511,457.00 | 19,479,000.00 | 1000.00 | 0.20 | 200.00 | 876.48 | 2 |
| Friends for Peacebuilding and Development (Fri PAD), Baratpur-10, Chitwan | 868.20 | 0.80 | 694.56 | 42,528,817.00 | 22,496,360.00 | 865.87 | 0.20 | 173.17 | 867.73 | 3 |
| Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu | 929.30 | 0.80 | 743.44 | 42,572,457.00 | 22,540,000.00 | 864.20 | 0.20 | 172.84 | 916.28 | 1 |

*D:\ADM\Admintration\nirnay utar Mld\Nirnay utar_mlad_Falgun.docx*

| S. N. | FIRM NAME | Total Evaluation Points | RANKING |
|---|---|---|---|
| 1 | Nepal Rural Development Center (NRDC), Koteshwor, Kathmandu | 916.28 | 1 |
| 2 | Integrated Rural Development Center Nepal (IRDC Nepal), Naya Baneshowar, Kahmandu | 876.48 | 2 |
| 3 | Friends for Peacebuilding and Development (Fri PAD), Baratpur-10, Chitwan | 867.73 | 3 |
| 4 | Social Development Path (SODEP), Nepal, Ramanand Chowk, Janakpur | 859.99 | 4 |

**निर्णय नं. ३ (तिन)**

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान पक्लिहवा क्याम्पस दोश्रो वर्षमा अध्ययनरत विद्यार्थीहरु मध्ये योजना प्रमुख अर्जुन वास्तोलाले जलवायु परिवर्तनले मुख्य वालीहरु धान, मकै, गहुँको उत्पादनमा परेको असरका सम्बन्धमा अध्ययन अनुसन्धान गरी सोवाट निकालेको परिणाम किसान संग पुर्‍उयान विभिन्न कार्यक्रमहरु गर्नका लागी आर्थिक सहयोग माग भई आएको र क्याम्पसबाट समेत सिफारिस भई आएको हुँदा सो कार्यक्रम गर्न रु १०,०००।– (दस हजार) अनुदान सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

मैत्री समाज नेपाल केन्द्रिय कार्यालय बल्खु काठमाण्डौंले अपाङ्गता भएका वालवालिकाहरुको लागी अबरोध मुक्त वातावरण सिर्जना गर्न आयोजना गरिने जनचेतना मुलक कार्यक्रम गर्न अनुरोध भै आएको हुदा सो कार्यक्रम गर्न रु ५,०००।– पाँच हजार) आर्थिक सहयोग दिने निर्णय गरियो ।

**मिति २०६९।११।१८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिकाको चालु आ.व. २०६९।७० का लागी निम्न योजना संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जगेडा कोष र नगरपालिकाको संयुक्त लगानीमा संचालन गर्ने गरी स्वीकृतीका लागी संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निम्न**

क) वडा न. ९ नयाँ कलोनी पथमा नाला निर्माण योजनाका लागी रु ४६,००,०००।– (अक्षेरुपी छयालिस लाख मात्र)



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np